भीमेश्वर नगरपालिका

चरिकोट, दोलखा

# विपद् जोखिम न्यूनीकरण नीति

२०७७

१.	दीर्घकालिन सोंच

“भीमेश्वर नगरपालिकाको दीगो विकासका लगि उत्थानशील समाजको निर्माण”

विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी माथि उल्लेखित दीर्घकालिन सोंच भीमेश्वर नगरपालिकाको दुरदृष्टी “शिक्षित, स्वस्थ्य, उत्पादनशील र दीगो पुर्वाधारयुक्त पर्यटकीय नगरः मौलिक संस्कृति सहितको समृद्ध भीमेश्वर” तथा नगरको दीर्घकालीन लक्ष्यको परिपूरक हुने गरी प्रस्तावित गरिएको छ ।

२.	लक्ष्य

विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरी जन-धनको क्षति कमी गर्ने, जनतासँग प्रत्यक्ष सम्बन्ध रहेका संवेदनशील पूर्वाधार, आधारभूत सेवा, जीविकोपार्जनका साधन श्रोतहरुमाथिको जोखिमलाई न्यूनीकरण गरी नगरपालिकाको सामाजिक, आर्थिक तथा भौतिक क्षेत्रको दीगो विकास गर्ने साथै मौलिक संस्कृति, वातावरण तथा पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने लक्ष्य रहेको छ ।

३.	उद्देश्यहरु

(१) विपद्  जोखिमको बुझाई अभिबृद्धि गर्न विपद्  व्यवस्थापन सूचना प्रणाली स्थापना गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

(२) विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सुशासन तथा शासकीय व्यवस्थालाई सुदृढिकरण गर्ने ।

(३) विपद्  जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनलाई विकास प्रकृयाहरुमा मुलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्ने ।

(४) विपद्  जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनका लागि पारिस्थितिकीय प्रणालीबाट पाउने सुरक्षात्मक सेवाको अभिवृद्धि गर्ने ।

(५) विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई दीगो बनाउन सार्वजनिक तथा निजी लगानी वृध्दि गर्ने ।

(६) विपद्  पश्चातको पुनस्थापना, पुननिर्माण तथा पूनर्लाभका कार्यहरुलाई समावेशी गरी “अझ राम्रो अझ बलियो” को अवधारणा अवलम्बन गरी उत्थानशील समाजको निर्माण गर्ने ।

(७) विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सबै तहका संस्थागत संरचनाको सुदृढिकरण गर्ने, क्षमता अभिवृद्धि गर्ने र समुदायको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

४.	नीति तथा रणनीति

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न देहायका नीति तथा रणनीति अवलम्बन गरिनेछ ।

नीति १ विपद्  जोखिमको बुझाई अभिबृद्धि गर्न विपद्  व्यवस्थापन सूचना प्रणाली स्थापना गरी पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन विपद्  सम्बन्धी सूचनामा समुदायको पहुँचलाई बढाइने छ ।

१.१	बहु-प्रकोपीय तथा जलवायु परिवर्तनजन्य जोखिमको अध्ययन, नक्शाङ्कन र विश्लेषण गरी यस अनुरुप पूर्वतयारी तथा प्रतिकार्यका गतिविधिलाई अझ प्रभावकारी गरिनेछ,

१.२	बहु-प्रकोपीय जोखिमको सूचनामा सर्वसाधारणसम्मको पहुँचलाई सहज गर्न विपद्  सूचना प्रणाली स्थापना गरिनेछ ।

१.३ भीमेश्वर नगरपालिका अन्तर्गत सञ्चालित शैक्षिक संस्था तथा प्रतिष्ठानहरुको पाठ्यक्रममा विपद् जोखिमका विषयहरुलाई अनिवार्य रूपमा समावेश गरी पठनपाठनको व्यवस्था, आवश्यक जनशक्तिको तयारी र श्रोत केन्द्रको स्थापना गरिनेछ।

१.४ जनचेतना तथा सूचनामूलक कार्यक्रमहरु तयार गरी सूचना तथा सञ्चारका माध्यमहरुको प्रभावकारी उपयोग मार्फत विपद् सम्बन्धी जानकारी, सचेतना, सिकाईलाई सबैको पहुँचमा पुऱ्याइनेछ।

नीति २ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा सुशासनलाई कार्यान्वयन गर्ने, शासकीय व्यवस्थालाई सुदृढीकरण गरिनेछ।

२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै चरण/क्षेत्रमा समावेशी विपद् व्यवस्थापनको अवधारणा अनुरुप महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, पिछडिएका वर्ग-समुदायहरुको पहुँच, प्रतिनिधित्व तथा प्रभावकारी संलग्नताको सुनिश्चितता गरिनेछ।

२.२ कानून बमोजिम विपद् व्यवस्थापन कोषको स्थापना गरी श्रोत परिचालन गरिनेछ साथै आवश्यकता अनुसार बजेट विनियोजन गर्न न्यूनतम मापदण्ड निर्धारण गरी कार्यविधिको निर्माण गरिनेछ।

२.३ जोखिम हिस्सेदारी तथा हस्तान्तरण मार्फत विपद् बाट हुने नोक्सानीको क्षतिपूर्तिको लागि बीमा गराउने कार्यलाई प्रोत्साहन गरिनेछ।

२.४ विपद् व्यवस्थापन शासकीय प्रणालीमा क्रमशः सुधार गरी जवाफदेहीता, पारदर्शीता र गुणस्तरीयताको लक्ष्य अनुरुप कार्ययोजना तयार गरी लागु गरिनेछ।

नीति ३ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलनलाई विकास प्रकृयाहरुमा मूलप्रवाहिकरण तथा आन्तरिकीकरण गरी दीगो विकासका लक्ष्यहरू हासिल गरिनेछ।

३.१ समग्र विकास प्रक्रियाहरूमा बहु-प्रकोपिय जोखिम संवेदनशीलता तथा जलवायु परिवर्तन अनुकूलनलाई मूलप्रवाहीकरण गरी सम्भाव्य जोखिमको न्यूनीकरण हुने गरी कार्यान्वयन गरिनेछ।

३.२ राष्ट्रिय भू-उपयोग नीति तथा भू-उपयोग ऐन अनुरुप जोखिम संवेदनशील भू-उपयोग योजना तर्जुमा गरी व्यवस्थित शहरीकरण तथा सुरक्षित वस्ती विकास गरिनेछ।

३.३ विपद् जोखिमबाट सुरक्षित वस्ती विकास तथा भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न स्थानीय मापदण्ड तथा भवन आचार संहिता समय सापेक्ष परिमार्जन गरी पूर्णरुपमा लागू गरिनेछ।

३.४ भौतिक पूर्वाधारहरूका योजना, डिजाईन, निर्माण तथा व्यवस्थापनमा जोखिम सुरक्षित नीति अवलम्बन गरिनेछ साथै जलवायु परिवर्तन अनुकूलित निर्माणलाई प्रोत्साहन गरिनेछ।

३.५ स्थानीय ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूलाई विपद् जोखिमबाट सुरक्षित गरी भीमेश्वर नगरपालिकाको मौलिक संस्कृति सहितको विशिष्ठ पहिचानलाई संरक्षण एवं प्रवर्धन गरिनेछ।

नीती ४ विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलनका लागि पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने सुरक्षात्मक सेवाको अभिवृद्धि गरिनेछ।

४.१ जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीको प्रवर्धन गरी जलवायुजन्य प्रकोपहरूबाट जन, धन, स्वास्थ्य, जीविकोपार्जन, भौतिक पूर्वाधार, सांस्कृतिक एवं प्राकृतिक सम्पदामा हुनसक्ने क्षतिको न्यूनीकरण गरिनेछ ।

४.२ बाढी, पहिरो, भू-क्षय, खडेरी, वन डढेलो, आगलागी लगायत प्रकोपहरूको न्यूनीकरण र व्यवस्थापन गर्न पारिस्थितिकीय प्रणालीमा आधारित विपद् जोखिम न्यूनीकरण (भ्अयम्च्च) का उपायहरुको विकास तथा प्रयोग गरिनेछ ।

४.३ जलवायु उत्थानशील पारिस्थितिकीय प्रणालीबाट प्राप्त वातावरणीय सेवाहरूको विकास एवं प्रवर्धन गरी समुदायको उत्थानशीलतालाई अभिवृद्धि गरिनेछ ।

नीति ५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई दीगो बनाउन सार्वजनिक तथा निजी लगानी वृध्दि गरिनेछ ।

५.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, विकास साझेदार, दातृ संस्था आदिको लगानी प्रवर्धन तथा परिचालन गरिनेछ ।

५.२ समुदायस्तरको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नीजी क्षेत्र, सामुदायीक तथा सहकारी संस्थाहरूको सहभागिता एवं लगानी बढाइनेछ ।

५.३ सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रहरुका पूर्वतयारी एवं प्रतिकार्य क्षमताको अभिवृद्धिकरण गर्न व्यवसायिक निरन्तरता योजना (Business Continuity Plan) को तयारी तथा कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ ।

नीति ६ विपद् पश्चातको पुनस्थापना, पुननिर्माण तथा पूनर्लाभका कार्यहरुलाई समावेशी गर्ने, तथा "अझ राम्रो अझ बलियो" को अवधारणा अवलम्बन गरी उत्थानशील समाजको निर्माण गरिनेछ ।

६.१ विपद् पश्चात गरिने पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माण कार्यमा भविष्यमा हुन सक्ने विपद् जोखिमको अवस्था सिर्जना हुन नदिन "अझ राम्रो, अझ बलियो र सुरक्षित" को अवधारणा अवलम्बन गरिनेछ ।

६.२ समुदायस्तरको उत्थानशीलताको क्रमिक विकास तथा अभिवृद्धि गर्नको लागि दीगो सामाजिक-आर्थिक विकासका कार्यक्रमहरु गरिनेछ ।

६.३ विपद् प्रतिकार्य तथा विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुननिर्माणमा सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई समाहित गरी सञ्चालित गरिनेछ ।

नीति ७ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन सबै तहका संस्थागत संरचनाको सुदृढिकरण गर्ने, क्षमता अभिवृद्धिकरण गर्ने, समुदायको क्षमता अभिवृद्धि गरी परिचालन गरिनेछ ।

७.१ नगरपालिका सबै वडामा वडा स्तरीय विपद् व्यवस्थापन समितिहरुलाई समावेशीको आधारमा संस्थागत गरिनेछ साथै क्षमता अभिवृद्धि गरिनेछ ।

७.२ आपत्कालीन कार्य सञ्चालित केन्द्रको स्थापना गरी विपद् सूचना प्रणालीलाई प्रभावकारी बनाइ प्रतिकार्यलाई द्रुत एवं प्रभावकारी बनाइनेछ ।

७.३	समुदायमा आधारित विपद्  व्यवस्थापन अवधारणालाई प्राथमिकता दिई समावेशी तथा सहभागितामूलक न्यूनीकरण प्रणालीको स्थापना तथा सञ्चालित गरिनेछ, समुदायको क्षमता अभिवृद्धिकरण गरिनेछ ।

७.४	स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उचित उपयोग गरी समुदायमा आधारित विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरू गरिनेछ ।

नीति ८ प्रभावकारी प्रतिकार्य, विपद्  पश्चातको पुनर्लाभ तथा पुनर्निर्माणको लागि सबै क्षेत्रमा पर्याप्त पूर्वतयारी गरिनेछ ।

८.१	नगरपालिकाको विपद्  पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ, योजना तर्जुमा गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा अति संकतासन्न वर्ग/समुदायलाई मध्यनजर गरी गरिनेछ ।

८.२	विपद्  पूर्वतयारी तथा प्रतिकार्यका लागि खुल्ला क्षेत्रको पहिचान, विकास, व्यवस्थापन, उचित प्रयोग साथसाथै पहुँचयुक्त गरिनेछ ।

८.३	विपद्  प्रतिकार्यलाई प्रभावकारी बनाउन क्षेत्रगत सरोकारवालाहरुको सहभागिता रहने र परिचालन हुने गरी क्षेत्रगत (Cluster based) पद्धतिलाई नगरपालिका तहमा कार्यान्वयन गरिनेछ ।

८.४	स्वास्थ्य, सरसफाई, खानेपानी, खाधान्न सामाग्री तथा अन्य आधारभूत आवश्यकताहरूको पूर्व तयारी गरी विपद्  पश्चात तत्काल आपूर्ति हुन सक्ने पद्धतिको विकास गरिनेछ ।

८.५	हालसालै देखिएका नयाँ तथा संक्रामक प्यान्डामिक फ्लू जन्य रोगहरू (जस्तै सार्श, मर्श, कोरोना-कोभिद-१९) तथा लामखुट्टेको टोकाइबाट सर्ने सङ्काम रोगहरू (जस्तै डेङ्गु, जीका तथा अन्य) को जोखिमलाई न्यूनीकरण तथा प्रतिकार्य गर्न पूर्वतयारी गरिनेछ ।

५.	नीति कार्यान्वयन

(क)	भीमेश्वर नगरपालिकाले यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि रणनीतिक कार्ययोजना तर्जुमा गरी लागु गर्नेछ ।

(ख)	यस नीति कार्यान्वयनको लागि विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, भीमेश्वर नगरपलिकाको विपद्  जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ मा व्यवस्था भए बमोजिम आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

(ग)	नगरपालिकाको आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शकको रूपमा लिइ विपद्  जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई विकासका कार्यहरुमा मूलप्रवाहीकरण गरिनेछ ।

(घ) यस नीतिलाई प्रभावकारी ढंगमा कार्यान्वयन गर्न भीमेश्वर नगरपालिकाले अन्य निर्देशिका, आकस्मिक योजना, कार्यविधि तर्जुमा गरी लागु गर्न सक्नेछ ।

६.	समन्वय, अनुगमन तथा मूल्याङ्कन

(क)	यस नीतिलाई प्रभावकारी ढंगमा कार्यान्वयन गर्न संघ, प्रदेश तथा छिमेकका स्थानीय तह साथसाथै सरकारी, निजी, गैर सरकारी संस्था, विकास साझेदार संस्थासँग समन्वय तथा सहकार्य गरिनेछ ।

(ख)	नगरपालिकामा रहेका सबै सरोकारवालाहरुको नक्शाङ्कन गरी विपद्  व्यवस्थापन सम्बन्धी सबै कार्यहरुलाई एकद्वार प्रणालीबाट व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

(ग)	नगर स्तरीय विपद्  व्यवस्थापन समितिलाई सञ्चालित कार्यक्रमहरुको अनुगमन र मूल्यांकन गर्ने जिम्मेवारी दिइनेछ ।

(घ)	नगरपालिकामा सञ्चालित विपद्  न्यूनीकरण तथा व्यवस्थापनका कार्यक्रमहरुको वार्षिक वा आवधिक परियोजना प्रतिवेदन प्राकाशन गरिनेछ सथै विपद्  व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरिनेछ ।

८.	नीति पुनरावलोकन

नगर कार्यपालिकाले आवश्यकता अनुसार यो नीतिलाई परिमार्जन र पुनरावलोकन गरी अद्यावधिक गर्न सकिने छ ।